लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

च.नं. ६१५

पत्र संख्याः २०८०।२०८१

मितिः २०८०। ११।२९

विषयः आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक बर्ष २०८०/८१ मा बालअधिकार तथा सामाजिक न्याय (ब.उ.शी.न. ३५००००१३) कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशमा ज्येष्ठ नागरिकको हालको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन अध्ययनका लागि बजेट रु. ५,००,०००।- (पाँच लाख) र लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम (३११००० १५) अन्तर्गत लुम्बिनी प्रदेशमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन, विश्लेषण प्रतिवेदन र लुम्बिनी प्रदेशमा रहेका उद्यमी महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रोफाइल निर्माणका लागि बजेट रु. ११,००,०००।- (एघार लाख) विनियोजन भएकोले नियमानुसार दर्ता भई अनुसन्धानको क्षेत्रमा काम गरिरहेका फर्म, संस्था वा कम्पनीले निम्नानुसारका अनुसन्धान शीर्षकमा तोकिएको कार्यशर्तको परिधि भित्र रही प्रस्तावहरु तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी मिति २०८०।१२।२८ गतेभित्र यस मन्त्रालयमा पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी आएका प्रस्तावहरु मूल्याङ्कन र स्वीकृत गरिने छैन । साथै, प्रस्ताव पेश गर्ने सम्बन्धी यो आशयपत्र प्राप्त भएको जानकारी मन्त्रालयलाई उपलब्ध गराउनु हुन समेत अनुरोध गरिन्छ ।

कार्यक्रमको क्षेत्र	क्र. स.	अध्ययनको क्षेत्र वा शिर्षक	रकम रु.
लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम (३११०००१५)	१	लुम्बिनी प्रदेशमा रहेका उद्यमी महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रोफाइल निर्माण	६ लाख
	२	लुम्बिनी प्रदेशमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन	५ लाख
बालअधिकार तथा सामाजिक न्याय (ब.उ.शी.न. ३५००००१३) कार्यक्रम	३	लुम्बिनी प्रदेशमा ज्येष्ठ नागरिकको हालको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन	५ लाख

थानेश्वर ज्ञवाली
नि.प्रदेश सचिव

१. **परामर्शदातालाई जानकारी**

क. सामाजिक विकास मन्त्रालयले तोकिएको अध्ययन अनुसन्धान र विषयका आधारमा परामर्शदाता संस्था छनौट गर्नेछ। उक्त संस्थाले मन्त्रालयले प्रदान गरेको कार्य क्षेत्रगत शर्त (TOR) अनुसार काम गर्नुपर्नेछ।

ख. परामर्शदाताले व्यावसायिक, उद्देश्यपूर्ण र निष्पक्ष भई अध्ययन, अनुसन्धानको कार्य गर्नुपर्दछ। सो कार्य गर्दा प्राप्त सूचना तथा जानकारीको सही तथा बस्तुपरक विश्लेषण गर्नुपर्ने छ।

ग.परामर्शदाता संस्थाको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता/ वरिष्ठ अनुसन्धानकर्ता/ अनुसन्धानकर्ता सम्झौता पश्चात काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न सक्ने छैन ।

घ. प्रामर्शदाताले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव बेग्लाबेग्लै शिलबन्दी खाममा पेश गर्नुपर्ने छ।

ङ. परामर्शदाता संस्थाले सम्झौता भएको मितिले ३ महिना भित्र काम सम्पन्न गरी भुक्तानीको लागि विल भरपाई र प्रतिवेदन पेश गरी सक्नुपर्ने छ।

च. सामाजिक विकास मन्त्रालयले अध्ययन अनुसन्धानका क्रममा आवश्यक सहजीकरण, समन्वय र निर्देशन दिन सक्नेछ ।

छ. सेवा लिने सार्वजनिक निकाय, सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्तिः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश,राप्ती उपत्यका (देउखुरी), नेपाल, सम्पर्क नम्वर : ०८६-५९०४६१ र ०८६-५९०४६२ रहेको छ ।

ज. प्रस्ताव सम्बन्धी कागजातमा कुनै शुल्क लाग्ने छैन।

२. प्रस्ताव पेश गर्ने समयः सूचना भएको मितिले ३० दिन वा २०८०।१२।२८ गते अपरान्ह २:०० बजे सम्म ।

३. प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिको हालसालैको वैयक्तिक विवरण (Bio Data) सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनुपर्ने छ। प्राविधिक प्रस्ताव तयार गर्दा, परामर्शदाताले निम्न कुरामा विशेष ध्यान दिनु पर्नेछः

क. परामर्शदाताको संगठनको छोटो परिचय अनुभव र मूल्याङ्कनमा मागिएका विवरणहरुको कागजात ।

ख. प्रस्तावमा पेश भएको जनशक्तिबाट नै अनुसन्धान गराउनुपर्ने छ ।

ग. तोकिएको ढाँचा र भाषामा प्रतिवेदन तयार पार्नुपर्ने छ ।

घ. कार्यदिशमा केही थप भनाई वा विचारहरु राख्नुपर्ने भए बुँदागत रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

ङ. विधिको छोटो परिचय र कार्ययोजना ।

च. जनशक्तिको योग्यता तथा अनुभवहरुको प्रमाणित कागजात ।

छ. जनशक्तिको कार्य विवरण ।

ज. जनशक्तिको हालसालैको प्रमाणित बायोडाटा ।

झ. प्राविधिक प्रस्तावमा कुनै पनि आर्थिक कुरा लेखिएको हुनुहुँदैन ।

४. प्राविधिक प्रस्तावमा प्रस्तावदाताले प्राप्त गर्नुपर्ने उत्तीर्णाङ्क ६०% रहनेछ ।

५. प्रस्तावदाताले सम्बन्धित कामको लागि तोकिएको समयभित्र सक्नेगरी कार्ययोजना प्रस्ताव गर्न सक्नेछ।

६. प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा सुधारका लागि थप सुझाव प्रदान गर्न सक्नेछ तर सुझावलाई समावेश गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ। सुझावमा पेश गरिएको कुरा समावेश गरिएको ब्यहोराको पत्र नपाउँदा सम्म प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा सुधार गरेको मानिने छैन ।

७. प्रस्तावको छनौट गुणस्तर र लागत विधिका आधारमा गरिने छ र त्यस्तो कुल अङ्कभार मध्ये प्राविधिक प्रस्तावको कुल अङ्कभार ७५ र आर्थिक प्रस्तावको अङ्कभार २५ रहनेछ ।

८. परामर्शदाताको छनौट गर्ने प्राविधिक प्रस्तावको अङ्कभार उल्लेख गर्दा देहाय बमोजिमको अङ्कको सीमा निर्धारण गरिएकोछः

क. प्रस्तावदाताको खास कामको अनुभव कुल अङ्कको १५ प्रतिशत ।

ख. कार्यसम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता कुल अङ्कको ४५ प्रतिशत ।

ग. जनशक्तिको योग्यता र अनुभव कुल अङ्कको ४० प्रतिशत गरी जम्मा कुल अङ्क १०० र उत्तीणाङ्क ६० अङ्क ।

९. प्राविधिक प्रस्ताव परामर्शदाताद्वारा प्रदान गरिएको जानकारीको आधारमा मूल्याङ्कन गरिनेछ । फर्जी विवरण पेश गरेको पाइएमा जुनसुकै बखत प्रस्ताव तथा सम्झौता रद्द गर्न सकिनेछ ।

१०. आर्थिक प्रस्ताव पेश गर्दा निम्न लिखित पक्षमा हुने खर्चलाई ध्यानमा राखी तयार पार्नु पर्नेछ ।

क. दस्तावेज अध्ययन ।

ख. विधि र कार्ययोजना निर्माण ।

ग. फिल्डमा डाटा संकलन लगायतका काममा लाग्ने समय ।

घ. तथ्याङ्क विश्लेषण र मस्यौदा प्रतिवेदन तयारी ।

ङ. प्रारम्भिक प्राप्ति प्रवोधीकरण र पृष्ठपोषण प्राप्त ।

च. अन्तिम प्रतिवेदन/ प्रोफाइल निर्माण र अन्य भैपरी आउने खर्चहरु ।

११. प्रस्ताव तयार गर्दा र पेश गरी छनौट हुँदा सम्म लागेको परामर्शदाताको प्रत्यक्ष लागतको रकम उपलब्ध गराइने छैन साथै परामर्शदाताले पेश गरेको जुनसुकै प्रस्तावहरू स्वीकार गर्न सामाजिक विकास मन्त्रालय बाध्य हुने छैन ।

१२. अनुसन्धानको क्रममा संलग्न हुने परामर्शदाता तथा सो कार्यमा आबद्ध सदस्यहरुले उच्चस्तरीय नैतिकताको पालना गर्नु पर्नेछ र सुचना संकलन र छलफल लगायतका कार्यमा लैङ्गिक संवेदनशिलता र मानव अधिकारको उल्लङ्घन नहुने प्रति सुनिश्चित हुनु पर्नेछ ।

१३. परामर्शदाता नैतिक हिसावले पतन भएको, भ्रष्ट वा जालसाझी लगायतका क्रियाकलापमा संलग्न भएको छ भने सम्झौताको लागि योग्य हुनेछैन। झुठा विवरण पेश गरी सम्झौता गरेको भन्ने कुरा अध्ययन कै क्रममा मन्त्रालयको जानकारीमा आएमा जुनसुकै बखत सम्झौता रद्ध गर्न सक्नेछ । मन्त्रालयले चाहेको समयमा परामर्शदाताले आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ ।

१४. परामर्शदाताहरूले कुनै पनि कागजातहरूको बारेमा स्पष्ट हुन खोजेमा प्रस्ताव बुझाउन ५ दिन बाँकी रहँदा सम्म सामाजिक विकास मन्त्रालयमा लिखित अनुरोध गर्न सक्नेछन् । सो सम्बन्धमा आवश्यक सूचना दिनु मन्त्रालयको कर्तव्य हुनेछ र यस्तो स्पष्टता सम्बन्धी सूचना दिंदा ईमेल, फ्याक्स, वा अन्य माध्यमबाट दिन सकिने छ ।

१५. मूल्याङ्कन पूरा भएपछि मन्त्रालयले परामर्शदाताहरुको वित्तीय प्रस्ताव खोल्नेछ। सो को जानकारी परामर्शदातालाई सार्वजनिक सूचना मार्फत गराइनेछ ।

१६. परामर्शदाताले TOR मा पेश भए बमोजिम प्रतिवेदन आदि बुझाउनु पर्नेछ ।

१७. प्रचलित सार्वजनिक खरीद ऐन/नियमहरु र आर्थिक कार्यबिधि सम्बन्धी ऐन नियमको पालना दुवै पक्षको दायित्व भित्र पर्नेछ।

१८. परामर्शदाताले खरीद प्रक्रिया वा खरीद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने अभिप्रायले निम्न कार्यहरू गर्न वा गराउँनु हुदैनः

क. प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित प्रलोभन दिने वा प्रस्ताव गर्ने,

ख. विकृत वा तथ्यको गलत बयान गर्ने,

ग. भ्रष्टाचारमा संलग्न वा धोखाधडी दिने अभिप्रायले अभ्यासमा सामेल गर्ने वा भइरहेको,

घ. अन्य सम्भावित बोलपत्रकर्ताहरूको सहभागितामा हस्तक्षेपकारी कार्य गर्ने ।

यसरी सम्झौताको विपरित गर्ने वा तोकिएका शर्तहरु पुरा नगरी अध्ययन कार्यलाई प्रभावित बनाउने परामर्शदातालाई कालोसूचीमा राख्न सकिनेछ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

<table>
<tr><th>सि नं</th><th>विवरण</th></tr>
<tr><td>१.</td><td>सेवा लिन चाहेको कार्यालयको नामः सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश, राप्ती उपत्यका, (देउखुरी), नेपाल।
छनौट विधि : सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, Quality & Cost Based Selection (QCBS)</td></tr>
<tr><td>२.</td><td>अनुसन्धान शीर्षकहरु:
१. लुम्बिनी प्रदेशमा रहेका उद्यमी महिलाहरुको अवस्था अध्ययन, विश्लेषण र प्रोफाइल निर्माण
२. लुम्बिनी प्रदेशमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन
३. लुम्बिनी प्रदेशमा ज्येष्ठ नागरिकको हालको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन
उद्देश्य: Refer TOR
विवरण : Refer TOR</td></tr>
<tr><td>३.</td><td>सम्झौतापूर्व प्रस्ताव पेश गर्ने बैठक गरिने छैन ।</td></tr>
<tr><td>४.</td><td>मन्त्रालयले परामर्शदातालाई आवश्यक परेमा सल्लाह तथा सुझावहरु दिन सक्नेछ ।.</td></tr>
<tr><td>५.</td><td>प्रस्ताव अनिवार्य रुपमा नेपाली वा अङ्ग्रेजी भाषामा पेश गर्नुपर्ने छ ।</td></tr>
<tr><td>६.</td><td>(i) अनुसन्धान गर्न आवश्यक जनशक्ति विवरण यस प्रकार छन् १ टिम लिडर (बरिष्ठ अनुसन्धानकर्ता) र २ जना अनुसन्धानकर्ता र सूचक (सम्पर्क व्यक्ति) ४ जना
(ii) जनशक्तिको अनुभव निम्न अनुसार हुनुपर्दछ ।
<table>
<tr><th>पद</th><th>न्यूनतनतम पेशागत अनुभव</th><th>संख्या</th><th>न्युनतम अनुभव र योग्यता</th></tr>
<tr><td>टिमलिडर</td><td>५ वर्ष</td><td>१</td><td>स्नातकोत्तर गरी ५ बर्षको अनुभव.</td></tr>
<tr><td>अनुसन्धानकर्ता</td><td>३ बर्ष</td><td>२</td><td>स्नातकोत्तर गरी ३ बर्षको अनुभव</td></tr>
<tr><td>सूचक (सम्पर्क व्यक्ति) ४ जना</td><td>सामान्य</td><td>४</td><td>कम्तिमा स्नातक तह उत्तिर्ण र गणना कार्य अनुभवीलाई प्राथमिकता दिने</td></tr>
</table>
प्रतिवेदन प्रस्तुत गर्दा अंग्रेजी वा नेपाली भाषाको युनिकोडको कालिमाटी फण्टमा हुनु पर्नेछ ।</td></tr>
<tr><td>७.</td><td>प्राविधिक प्रस्तावको लागि थप सूचनाहरु:
Refer TOR.</td></tr>
<tr><td>८.</td><td>प्रस्तावहरु पेश भएको ९० दिन सम्म वैध हुनुपर्दछ ।</td></tr>
<tr><td>९.</td><td>परामर्शदाताले प्राविधिक र आर्थिक प्रस्तावका फरकफरक सिलबन्दी खामहरु पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>१०.</td><td>कागजात पेश गर्ने कार्यालयः सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश, राप्ती उपत्यका,(देउखुरी),नेपाल।
बाहिरी खाममा दिनुपर्ने विवरणः: परामर्शदाताको नाम:
परामर्श सेवाको शीर्षक:</td></tr>
<tr><td>११.</td><td>प्रस्ताव मितिः २०८०।१२।२८ गते अपरान्ह २:०० बजे भित्र सामाजिक विकास मन्त्रालयमा पेश गरिसक्नु पर्नेछ । प्रस्ताव मिति २०८०।१२।२९ गते बिहान ११ बजे सामाजिक विकास मन्त्रालयमा खोलिनेछ ।</td></tr>
<tr><td>१२.</td><td>सेवाप्रदायकलाई जानकारी सूचना पठाउने निकाय:
सामाजिक विकास मन्त्रालय लुम्विनी प्रदेश, राप्ती उपत्यका, (देउखुरी),नेपाल ईमेलः mosdfive@gmail.com</td></tr>
</table>

१३.

प्राविधिक प्रस्ताव मूल्यांकन मापदण्ड अन्तर्गत दिनु पर्ने अंकहरू

अनुसन्धान प्रस्ताव-मूल्यांकन फाराम

१.संस्थाको अनुभव: १५

क्र. स	आधारहरु	पूर्णाङ्क	प्रासाङ्क	कैफियत
I.	परामर्शदाताहरूको कामसँग सम्बन्धित विशिष्ट अनुभव (गत ५ बर्षमा)	१०	-	
II.	सम्बन्धित क्षेत्रसँग सम्बन्धित अनुसन्धान (१ अनुसन्धानका लागि ३ अंक)	३	-	
III.	अन्य क्षेत्रमा अनुसन्धान (१ अनुसन्धानका लागि १ अंक)	२	-	

२. विधि तथा मेथडोलोजी ४५ अङ्क

प्रस्तावहरुको मूल्याङ्कन

	सूचकहरु	स्केल					प्रासाङ्क
		नभएको	कमजोर	ठीकै	राम्रो	उत्तम	
१	अध्ययन, अनुसन्धान तथा प्रोफाइल निर्माण (शीर्षक (विशिष्ट, स्पष्ट पारिएमा)	०	०.४	०.८	१.२	१.८	
२	सार (धेरै राम्रो सारांश)	०	०.६	१.२	१.८	२.४	
३	पृष्ठभूमि, समस्या भनाई (पर्याप्त, प्रासंगिक, राम्रोसँग भनिएको)	०	०.६	१.२	१.८	२.४	
४	साहित्य समीक्षा र अध्ययन ग्याप (पर्याप्त, सान्दर्भिक र ग्याप पहिचान)	०	०.६	१.२	१.८	२.४	
५	सैद्धान्तिक / अवधारणात्मक रूपरेखा, अनुमान / (राम्रोसँग फ्रेम गरिएको)	०	१.२	२.४	३.६	४.८	
६	अनुसन्धान उद्देश्यहरू (सामाजिक रूपमा उपयोगी, पर्याप्त, प्राप्य)	०	१.२	२.४	३.६	४.८	
७	अध्ययन डिजाइन, विधिहरू, उपकरण र डाटा विश्लेषण (दोष रहित, उन्नत, राम्रोसँग उपयुक्त र कुशल)	0	२.४	४.८	७.२	९.६	
८	अपेक्षित निष्कर्ष (स्पष्ट र दीर्घकालिन महत्त्व, प्रदेश सरकारलाई सहयोग पुग्न सक्ने सुझाव संलग्न गर्ने परिकल्पना भएको)	०	०.६	१.२	१.८	२.४	
९	अपेक्षित परिणामहरू (तथ्य र तथ्याङ्कलाई समेटन सक्ने, विषय वस्तुको गाम्भिर्यताको आधार प्रस्तुत भएको)	०	०.६	१.२	१.८	२.४	
१०	सीमितता र सीमाङ्कन (इमानदारीपूर्वक वर्णन र	०	०.६	१.२	१.८	२.४	

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

	व्यावहारिक प्रस्तुती						
१०	नैतिक र सुरक्षा मुद्दाहरू (राम्रोसँग सम्बोधन गरिएको छ,)	०	०.६	१.२	१.८	२.४	
११	संगठन, ढाँचा (राम्रो संगठित, मानक ढाँचा अनुसरण गरियो, एकरूपता)	०	०.६	१.२	१.८	२.४	
१२	सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रोफाइलका लागि कलष्टर समुहको एकिकृत आयामहरु समेट्ने देखिएको (राम्ररी समेटिएको)	०	१.२	२.४	३.६	४.८	

३. जनशक्ति विवरण: ४०

क्रसं	आधारहरु	पूर्णाङ्क	प्राप्ताङ्क	कैफियत
१)	अनुसन्धान टीमको आवश्यक योग्यता पुगेको	२०	-	
२)	कम्तिमा २ वटा अनुसन्धान अनुभव भएको टोली नेता (२वटा x५ अङ्क)	१०	-	
३)	अनुसन्धान टोली सदस्यहरू कम्तिमा २ वटा अनुसन्धान अनुभव भएको हुनुपर्ने (२x५)	१०	-	

जम्मा अङ्क: १००

न्यूनतम प्राविधिक स्कोर पास गर्न आवश्यक: ६०%

१४.	यस कार्यको अनुसन्धान कार्यका लागि अनुमान गरिएको बजेट सीमा सूचनामा उल्लेख भए वमोजिम हुनेछ ।
१५.	आर्थिक प्रस्तावमा दिइएको २५ पुर्णाङ्कको गणना सार्वजनिक खरिद नियमावलीमा दिइएको सुत्र अनुसार हुनेछ। TP (प्राविधिक प्रस्ताव) = ७५% र FP (आर्थिक प्रस्ताव) = २५% १००% को प्राविधिक प्रस्तावलाई ७५ अङ्कमा र आर्थिक प्रस्तावमा २५ अङ्क गणना गरिने छ ।
१६.	कार्य सुरु हुने अपेक्षित समय : कार्य आदेश जारी भएको मितिबाट ५ दिन भित्र

सेक्शन प्राविधिक प्रस्ताव पेश गर्ने तरिका:–

१. प्रस्ताव पेश गर्ने पत्र

संस्थाको लेटर हेड

प.सं :

मिति

च नं:

विषयः अध्ययन/ अनुसन्धानको लागि प्रस्ताव पेश गरेको सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
लुम्बिनी प्रदेश,
राप्ती उपत्यका,(देउखुरी),नेपाल

प्रस्तुत विषयमा त्यस मन्त्रालयको च.न.......मिति............................को पत्रानुसार (..) विषयमा अध्ययन/अनुसन्धान कार्य गर्नको लागि यसैसाथ प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी पेश गरेका छौं । पेश गरिएको खाम भित्र २ वटा छुट्टाछुट्टै खामहरु रहेकाछन् । एउटा खाममा प्राविधिक प्रस्ताव लेखिएको र त्यस भित्र माग भए अनुसारको प्राविधिक प्रस्ताव रहेको छ भने अर्को खाम भित्र तोकिए बमोजिमको आर्थिक प्रस्ताव राखिएको छ । भित्रका दुबै खामहरु राम्रोसँग शीलबन्दी गरिएकाछन् । यसमा लेखिएको आधारमा प्रस्ताव स्वीकृत गर्न सामाजिक विकास मन्त्रालय बाध्य नहुने व्यहोरा समेत हामीलाई जानकारी रहेको व्यहोरा अनुरोध छ ।

संस्थाको तर्फबाट

आधिकारिक हस्ताक्षरः
हस्ताक्षरकर्ताको नाम र पदः
परामर्शदाता संस्थाको नाम र ठेगाना

२. माथि सि.नं.१३ मा दिइएका तालिका अनुसारको विवरण (प्रमाण समेत)

क. संस्थाको अनुभवः १५अङ्क

ख. विधि तथा मेथडोलोजी -४५ अङ्क

ग. जनशक्ति विवरणः ४०अङ्क

जम्माः १००

३. कार्यादेशमा परामर्शदाताको टिप्पणी र सुझावहरू

४. विधि कार्य योजना

५. टीम वनावट र कार्य विवरण

नाम	पद	कार्य

कृपया अनुसूचीमा प्रत्येक प्रस्तावित टीम सदस्यको व्यक्तिगत विवरण समावेश गर्नुहोस्

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

आर्थिक प्रस्ताव पेश पत्र

संस्थाको लेटर हेड

प.सं :

मिति

च नं :

विषयः अध्ययन/ अनुसन्धानका लागि आर्थिक प्रस्ताव पेश गरेको सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
लुम्बिनी प्रदेश,
राप्ती उपत्यका,(देउखुरी),नेपाल

त्यस मन्त्रालयबाट यस संस्थालाई मिति .... मा प्रस्तावको लागि अनुरोध भै आएकोमा ....अनुसन्धानका लागि तपसिल अनुसारको विवरण अनुसार VAT सहित जम्मा रु........................प्रस्ताव पेश गरिएको छ। यसै साथ संलग्न प्रस्ताव स्वीकृत हुनेमा हामी आशावादी छौं।

तपसिल

अध्ययन/ अनुसन्धानको विषय	VAT सहितको लागत		कैफियत
	अङ्कमा	अक्षरमा	

संस्थाको तर्फबाट

आधिकारिक हस्ताक्षरः
हस्ताक्षरकर्ताको नाम र पदः
परामर्शदाता संस्थाको नाम र ठेगानाः

TERMS OF REFERENCE (TOR) FOR RESEARCH

कार्यगत शर्त विवरण

कार्यशर्तहरु (Terms Of Reference)

पृष्ठभुमीः

सामाजिक विकास मन्त्रालय प्रदेश स्तरमा शिक्षाको अतिरिक्त महिला, बालबालिका, अपाङता, जेष्ठनागरिक लगायतका क्षेत्र सँग सम्बन्धित कार्यविवरण रहेको निकाय हो । लुम्बिनी प्रदेश सरकार कार्यविभाजन नियमावली २०७९ अनुसार महिला अधिकार सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, नियमन, लैङ्गिक हिंसा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा, कार्यान्वयन, निरोधात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन अनुसन्धान, लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण लगायतको कार्यविवरण रहेको छ ।

नेपालमा १५ देखि ४९ वर्ष उमेर समुहका २३% महिलाहरुले १५ वर्षको उमेर देखि नै शारीरिक हिंसा भोगेका हुन्छन। त्यसैगरी १५ देखि ४९ वर्ष उमेर समुहका ८% महिलाहरुले कुनै पनि समयमा कुनै न कुनै अपराधीबाट यौन हिंसाको अनुभव गरेका छन् । (स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२) लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमा मानव विकास सुचकाङ्कका आधारमा प्रदेशलाई लैङ्गिक मैत्री, बालमैत्री, अपाङ्गता र जेष्ठनागरिक मैत्री प्रदेशका रुपमा विकास गर्ने नीति लिएको देखिन्छ । संघीय र स्थानीय तहको सहकार्यमा र हिंसा पिडित महिलाको लागि प्रदेश स्तरीय पुनस्थापना केन्द स्थापना गर्ने नीति लिएको छ । त्यसै गरी उद्यमशीलता विकासलाई महत्वपुर्ण नीतिको रुपमा उजागर गरेको छ । उल्लेखित पृष्ठभुमीमा यस आर्थिक बर्षमा अनुसन्धान गर्न चाहेका क्षेत्रहरुको संक्षिप्त कार्यविवरण निम्नानुसार रहेको छ ।

शीर्षकः लुम्बिनी प्रदेशका महिला उद्यमीहरुको अवस्था अध्ययन विश्लेषण र प्रोफाईल निर्माण ।

१. अध्ययनको पृष्ठभुमी (Introduction)

महिलाहरुको जग्गामा स्वामित्व बढेको, सक्रिय जनसंख्या वृद्धि भएको, कर्मचारीको संख्या वृद्धि भएको, राजनीतिक सहभागिता वृद्धि भएको, व्यापार व्यावसाय तथा उद्यमशीलताको क्षेत्रमा महिलाको पहुँच निरन्तर अभिवृद्धि भएको छ । श्रमशक्ति सर्वेक्षण २०२० अनुसार श्रम शक्तिमा महिला सहभागिता प्रतिशत २६.३ र रोजगार प्रतिसत २२.९ रहेको छ । 'सन् १९७१ देखि २०२१ सम्म आर्थिक रूपमा सक्रिय दश वर्षभन्दा माथिका महिलाको जनसंख्या प्रतिशत २९.२ बाट बढेर ६०.४ प्रतिशत पुगेको अवस्था छ । 'महिलाको आर्थिक सशक्तिकरणमा टेवा पुर्याउन उद्यमी बन्न चाहने हरुको लागि प्रोत्साहन गर्न र उद्यमीहरुलाई स्तरोन्नती गर्ने अभिप्रायले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले महिला उद्यमशीलता विकास, वित्तिय पहुँच, टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७७ कार्यान्वयनमा ल्याएको पाइन्छ । सोही ऐनको दफा २७ मा महिला उद्यमीहरुको लागि विशेष सुविधा अन्तर्गत महिला मात्रको स्वामित्वमा उद्यम वा व्यवसाय दर्ता गराएमा शुल्कमा ३५ प्रतिसत छुट र महिला मात्रको स्वामित्वमा औद्योगित सम्पति दर्ता गराउदा २० प्रतिसत छुटको व्यवस्था गरेको छ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)**

राष्ट्रिय तहमा उद्यमी महिलाहरुको सन्दर्भमा विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रम रुपमा विभिन्न गतिविधिहरु हुदै गर्दा लुम्बिनी प्रदेशको सन्दर्भमा महिला उद्यमीको अवस्था के कस्तो छ भन्ने विषयको वास्तविक जानकारी हासिल गर्नुका साथै प्रदेश सरकार तथा सामाजिक विकास मन्त्रालयलाई नीतिगत, संरचनागत र कार्यक्रम रुपमा अगाडि बढ्ने आधार प्रदान गर्नु रहेको छ ।

क) उद्यमी महिलाहरु सँग सम्बन्धित विभिन्न तथ्याङ्कक संकलन गर्नु ।

ख) संकलित तथ्याङ्कका आधारमा उनिहरुको अवस्था पहिचान गर्नु ।

ग) विभिन्न सूचनाहरु सहितको महिला उद्यमी फोफाईल निर्माण गर्नु ।

३. **अध्ययनको क्षेत्र (Scope of the work)** उद्यमी महिलाहरुको प्रादेशिक प्रोफाईल निर्माण यस अध्ययनको मुख्य कार्यविवरण भएकाले लुम्बिनी प्रदेश भित्रका १२ जिल्लाकै महिला उद्यमीको अवस्था पहिचान गर्नु यस अध्ययनको क्षेत्र हो । यसका अतिरिक्त महिला उद्यम तथा व्यापार व्यावसायका क्षेत्रहरुको विश्लेषणका साथै केही उत्कृष्ट उद्यमी महिलाहरुका सफलताका अभ्यासहरु समेत प्रतिविम्बन गर्नु अध्ययनको क्षेत्र रहेको छ ।

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले अध्ययन, प्रतिवेदन तथा प्रोफाइल तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन ।महिला उद्यमीको तथ्याङ्क संकलनका स्थानीय तह, जिला उद्योग वाणिज्य संघ, घरेलु तथा साना उद्योग कार्यालय र कम्पनी रजिष्टारको कार्यालयबाट विभिन्न तथ्याङ्क संकलन साधानहरु जस्तै अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिनेछ ।

शीर्षकः "लुम्बिनी प्रदेशमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन "

१. **परिचय (Introduction):**

वर्तमान नेपालको संविधानको धारा ३८ मा महिलाको हकलाई मौलिक हकका रुपमा अवलम्वन गरी लैङ्गिक भेदभाव ,शारिरिक,मानसिक तथा यौनजन्य जस्ता कुनै पनि हिंसाजन्य कार्य गर्नु नहुने त्यसो कार्य कानुन वमोजिम दण्डनिहित हुने सो बमोजिम क्षतिपुर्ति पाउने हक रहेको छ ।महिला हिंसाको क्षेत्रमा संघीय तहमा घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६७ कार्यान्वयनमा रहेको छ भने लुम्बिनी प्रदेश भित्र सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७७ कार्यान्वयनमा रहेको छ ।

प्रहरी कार्यालयहरुबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०७९/८० मा प्रदेश गत मुद्धा दर्ताको संख्या आधारमा हेर्दा घरेलु हिंसा सम्बन्धी २२८८, जवरजस्ती करणी ३५३, यौनजन्य हिंसा सम्बन्धी ५१३, बहुविबाह सम्बन्धी १३२, मानव बेचविखन सम्बन्धी ३० वटा मुद्धा दर्ता भएको देखिन्छ । प्रादेशिक अबस्था हेर्दा लुम्बिनी प्रदेश मानव बेचविखन र बहुविवाह सम्बन्धी मुद्धामा पहिलो, घरेलु हिंसा, जबरजस्ती विवाह र यौनजन्य हिंसा सम्बन्धी मुद्धामा दोस्रो स्थान रहनुले यहाँको अवस्था उजागर गरेको पाईन्छ । आर्थिक बर्ष २०८०।०८१ मा लुम्बिनी प्रदेश प्रहरी कार्यालयको श्रावण देखि माघ सम्मको तथ्याङ्क हेर्दा लैङ्गिक हिंसा प्रभावितहरुबाट ३९० वटा मुद्धा दर्ता भएको तथ्याङ्कमा रहेको छ । लैङ्गिक हिंसा प्रभावितहरुले लिएको OCMC सेवाको अवस्था हेर्दा ३३७८ मध्ये ३२०७ जना महिलाहरु रहेको अवस्था छ । माथि उल्लेखित तथ्याङ्कमा प्राप्त अवस्था सांकेतिक हुन सक्दछ ।

अध्ययन कर्ताले विस्तृत अध्ययन प्रश्चात ल्याउने वास्तविक तथ्याङ्क र अवस्थाले आगामी बर्षहरुमा प्रदेश सरकारले महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको न्यूनीकरणका लागि लिनु पर्ने नीतिगत कार्यक्रमगत र संरचनागत सिफारिस प्राप्त हुने अपेक्षा गरिएको छ ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२.उद्देश्य (objectes)

यस अध्ययनको मुख्य उद्देश्य लुम्बिनी प्रदेशभित्र रहेका १२ जिल्लामा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन अनुसन्धान र तथ्याङ्क संकलन गर्ने, तथ्याङ्क विश्लेषण गरी प्राप्त नतिजाका आधारमा सुचनामा आधारित समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।

क. लुम्बिनी प्रदेशभित्रमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्था अध्ययन गर्नु ।

ख. लुम्बिनी प्रदेशभित्रमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको जिल्लागत रुपमा तुलनात्मक विश्ललेषण गर्नु ।

घ. लुम्बिनी प्रदेशभित्रमा महिलाहरु माथि हुने लैङ्गिक तथा घरेलु हिंसाको अवस्थाको सूचनामा आधारित प्रतिवेदन तयार पार्नु ।

२. **अध्ययनको कार्य क्षेत्र (Scope of Work)**

क. यो अध्ययन क्षेत्र लुम्बिनी प्रदेशका १२ ओटा जिल्लाहरु हुनेछ ।

ख. विभिन्न स्थानीय तहमा रहेका न्यायीक समितिहरु, जिल्ला स्थित प्रहरी कार्यालयहरु, हिंसा प्रभावित पुनस्थापना केन्द्रहरु, अदालतका निर्णय तथा फैसला लगायतका क्षेत्रबाट प्राप्त हुने तथ्याङ्कहरुको संकलन विश्लेषण यस अध्ययनको कार्य क्षेत्र रहेको छ ।

४. **अध्ययन विधि (Methodology)**

१. परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्धितिय तथ्यांकको उपयोग गर्नेछन । साथै संघीय महिला हिंसाको क्षेत्रमा संघीय तहमा घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६७ भने लुम्बिनी प्रदेश भित्र सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७७ को अध्ययन लगायत अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिनेछ ।

शीर्षक: लुम्बिनी प्रदेशमा ज्येष्ठ नागरिकको हालको अवस्था अध्ययन, विश्लेषण र प्रतिवेदन

१.परिचय (**Introduction**)

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४१ मा जेष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ । जेष्ठनागरिक सम्बन्धी ऐन २०६३ मा जेष्ठ नागरिक भन्नाले "६० वर्ष उमेर पुरा गरेको नेपाली नागरिक" सम्झनु पर्ने कुरा उल्लेख छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ज्येष्ठ नागरिकको संख्या २१ लाख ५४ हजार थियो । यो कुल जनसंख्याको ८.१३ प्रतिशत हो । साथै ज्येष्ठ नागरिकहरूको जनसंख्या वृद्धिदर ३.०७ प्रतिशत रहेको थियो । पछिल्लो राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार नेपालमा ६० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको संख्या २९ लाख ७७ हजार ३१८ पुगेको छ, जुन कुल जनसंख्याको १०.२१ प्रतिशत हो ।
स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद दफा ११, (त) को १ देखी ५ मा जेष्ठनागरिकको सामाजिक सुरक्षा, संरक्षण र अधिकारको व्यवस्था गरिएको छ ।उक्त ऐन तथा सो संग सम्बन्धित नियमावलीमा जेष्ठनागरिकको स्याहार, सामाजिक सुरक्षा, संरक्षण र विकास सम्बन्धी अधिकारलाई जोड दिईएको छ ।

२.उद्देश्य (**Objectives**)

यस अध्ययनको मुख्य उद्देश्य लुम्बिनी प्रदेश भित्र रहेका सम्पुर्ण स्थानिय तहका सम्पुर्ण जेष्ठनागरिकको शारिरिक,मानसिक तथा स्वास्थ्य अवस्थाको अध्ययन र विश्लेषण गरी सोही अध्ययनका आधारमा जेष्ठनागरिकको अवस्थाको वारेमा जानकारी लिनु, उनिहरुका समस्याको पहिचान गरी स्याहार, सामाजिक सुरक्षा, संरक्षण र विकासका सन्दर्भमा प्रदेश सरकार तथा सामाजिक विकास मन्त्रालयलाई नीति तथा कार्यक्रम रुपमा अगाडि बढ्ने आधार प्रदान गर्नु रहेको छ ।
क.लुम्विनी प्रदेशभित्रका जेष्ठनागरिकको अवस्थाको वारेमा जानकारी लिनु, (सामाजिक अवस्था, आर्थिक अवस्था, शारिरिक तथा मानसिक अवस्था)

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

ग. जेष्ठनागरिकका शारिरिक, मानसिक तथा स्वास्थ्य अवस्थाको अध्ययन गर्नु ।
घ. जेष्ठनागरिकका समस्या, मागको पहिचान र एकिकरण गर्नु ।

३.अध्ययनको कार्यक्षेत्र (work scope of study)
क. लुम्बिनी प्रदेशका सवै जिल्लाका प्रत्येक स्थानिय तहका जेष्ठनागरिकको प्रतिनिधित्व हुने गरी नमुना सर्वेक्षण विधिका अध्ययन गर्नुपर्ने छ ।

ख. अध्ययनकर्ताको अध्ययनका लागि कार्यक्षेत्रगत उद्देश्यहरु मार्गनिर्देशनका रुपमा उपयोग गर्न सकिनेछ ।
ग. युवाहरु विदेश पलायन हुदा जेष्ठनागरिकहरुमा विकसित परनिर्भरता र चिन्ताको समेत विश्लेषणको अपेक्षा गरिएको छ ।यि विषयको अतिरिक्त कार्यविवरण अनुसार प्रतिवेदन तयार गर्दा जेष्ठ नागरिकको अबस्था झल्कने विविध आयामहरु समेटिएको एकिकृत प्रतिवेदन तयार हुनेछ ।

४. अध्ययन विधि (Methodology)

१. परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्धितिय तथ्यांकको उपयोग गर्न सक्नेछन । त्यसै गरी लुम्बिनी प्रदेश भित्रका मानव सेवा आश्रमहरु, जेष्ठ नागरिक सेवा केन्द्रहरु र दिवा सेवा केन्दहरुबाट प्राप्त हुने तथ्याङ् अध्ययन लगायत अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वार्ता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गर्न सकिनेछ ।